सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०७८।०७९

च.न. ५४५

मितिः २०७८/७/११

श्री वडा कार्यालयहरु सबै

सरुमारानी गाउँपालिका बङ्गाडा प्यूठान ।

**विषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०७८/६/१० गतेको बैठकको निर्णयहरु आवश्यक जानकारी एवं कार्यान्वयन लागी यसैपत्र साथ संलग्न राखी पठाईएको ब्यहोरा अनुरोध छ ।

चिन्तामणि रोक्का
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री अध्यक्ष ज्यू सरुमारानी गाउँपालिका प्यूठान ।

श्री उपाध्यक्ष ज्यू सरुमारानी गाउँपालिका प्यूठान ।

चिन्तामणी रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

## सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक (बैठक संख्या-८८)

### मितिः- २०७८/०६/१०

**बैठकका प्रस्तावहरु**

१. गत बैठकको समिक्षा सम्बन्धमा ।

२. सडकहरुको मर्मत संभार सम्बन्धमा ।

३. आर्थिक सहयोग सम्बन्धमा ।

४. बार्षिक समिक्षा सम्बन्धमा

५. कार्यविधिहरु स्वीकृत सम्बन्धमा (मेलमिलाप केन्द्र र स्थानीय वडा सभा सम्बन्धी)

६. बेरुजु रकम फिर्ता सम्बन्धमा ।

७. सुरक्षित नागरिक आवास कार्यक्रम सम्बधमा ।

८. ढुंगा गिट्टि वालुवाको अनुमति माग सम्बन्धमा

९. विविध

- बेवारिसे लास ब्यबस्थापनको गाडीभाडा भुक्तानी सम्बन्धमा ।
- उपभोक्ता समिति तालिम सम्बन्धमा ।
- सबै वडामा स्थानीय सभा गठन सम्बन्धमा ।
- फोहर मैला संकलन सामाग्री खरिद सम्बन्धमा ।
- विज्ञापन कर सम्बन्धमा ।
- विधुत विल र बिधुत मिटर र सडक बत्ति सम्बन्धमा ।
- पाईप खरिद सम्बन्धमा ।
- वडा न. २ को नागरिक एप्सको सफ्टवयर सम्बन्धमा ।
- पकेट विकास कार्यक्रम सम्बन्धमा ।
- विदा स्वीकृत सम्बन्धमा
- झोलङ्गे पुल माग सम्बन्धमा ।
- शिक्षक त.भ. सम्बन्धमा ।
- आधारभुत स्वास्थ्य सेवा केन्द्रका कर्मचारी सम्बन्धमा

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

चिन्तामणी रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

## मिति २०७८/६/१० का कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय न. १ गत बैठकको समिक्षा सम्बन्धमा ।**

यस गाउँकार्यपालिकाको मिति २०७८/४/३२ गते भएको कार्यपालिकाको निर्णयहरु कार्यान्वयनको विषयमा समिक्षा गरियो ।जस अनुसार घरनक्सापास तथा अभिलेखिकरण सम्बन्धी तालिम, सि.सि. क्यामेरा र सडक बत्तिहरु मर्मत गर्ने काम बाहेक सबै निर्णयहरु कार्यान्वयन भएको जानकारी भयो।

**निर्णय न. २ सडकहरुको मर्मत संभार सम्बन्धमा ।**

क) यस सरुमारानी गाउँपालिका अन्तर्गत यस गाउँपालिका भित्रका विभिन्न सडकहरु बर्षादको कारण मर्मत गरी सूचारु गर्नु पर्ने अत्यावश्यक भएकोले यथासक्य चाडो मर्मत गर्नको लागी गत बैठकबाट वडा अन्तर्गतका विभिन्न सडकहरुको मर्मत कार्यको लागी तोकिएको समयावधि भन्दा बढि समय काम भएकोले सो थप समयको समेत देहाय अनुसार समावेश गरी वडा कार्यालयले संझौता गरी आवश्यक कागजात सहित सम्बन्धित डोजर/स्क्वेटरहरु वा उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

तपशिल

| सि.न | वडा अन्तर्गतका योजनाहरु | अनुमानित लाग्ने समय | थप लागेको समय/रकम | जम्मा लागेको समय | प्रतिघण्टा दर रु. | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | वडा न. १ अन्तर्गतका विभिन्न सडकहरुको मर्मत | ७ घण्टा | १ घण्टा | ८ घण्टा | २२६०/- | १८०८० | डोजर/स्कयावेटरको प्रयोग |
| २ | वडा न. २ अन्तर्गतका विभिन्न सडकहरुको मर्मत | १० घण्टा | ३.५ घण्टा | १३.५ घण्टा | २२६०/- | ३०५१० | ,, |
| ३ | वडा न. ३ अन्तर्गतका विभिन्न सडकहरुको मर्मत | १६ घण्टा | १४ घण्टा | ३० घण्टा | २२६०/- | ६७८०० | ,, |
| ४ | वडा न. ४ अन्तर्गतका विभिन्न सडकहरुको मर्मत | १० घण्टा | ५ घण्टा | १५ घण्टा | २२६०/- | ३३९०० | ,, |
| ५ | वडा न. ५ अन्तर्गतका विभिन्न सडकहरुको मर्मत | २० घण्टा | ४५.५ घण्टा | ६५.५ घण्टा | २२६०/- | १४८०३० | ,, |
| ६ | वडा न. ६ अन्तर्गतका विभिन्न सडकहरुको मर्मत | २५ घण्टा | ७ घण्टा | ३२ घण्टा | २२६०/- | ७२३२० | ,, |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | वडा न. ३ मा ग्राभेल राख्ने कामको लागी | ११,०००/- | १३०००/- | | २४०००/- |
| ८ | वडा न. २ मा ग्राभेल राख्ने कामको लागी | १०,०००/- | ० | | १००००/- |
| ९ | अन्य अत्यावश्यक मर्मत कार्यको लागी | ० | ० | | ३०,१२०/- |
| | जम्मा | | | | ४३४७६०/- |

ख) यस गाउँपालिका भित्रका विभिन्न सडकहरु बर्षातको कारण मर्मत गरी सूचारु गर्नु पर्ने र नजिकिदो दशैको समय सबै सडकहरु मर्मत गरी सवारी साधन सूचारु गर्न आवश्यक परेकोले वडाहरुका विभिन्न सडकहरुको मर्मत संभार कार्यको लागी मर्मत संभारकोषबाट तपशिल बमोजिमको थप बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न | वडा अन्तर्गतका योजनाहरु | विनियोजना बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | वडा न. १-अन्तर्गतका विभिन्न सडकहरुको मर्मत | ५०००० | |
| २ | वडा न. २-मझेनी गौडा वेसारपानी मो.वा. मर्मत | ५०००० | |
| ३ | वडा न. ३-अन्तर्गतका सडकहरुको मर्मत | १००००० | |
| ४ | वडा न. ४-अन्तर्गतका सडकहरुको मर्मत | ३५००० | |
| ५ | वडा न. ५-अन्तर्गतका सडकहरुको मर्मत | ६०००० | |
| ६ | वडा न. ६- अन्तर्गतका सडकहरुको मर्मत | ६०००० | |
| | जम्मा | ३५५०००/- | |

ग) यस सरुमारानी गाउँपालिका वडा न. २ स्थित बुढिगरा सिचाईकुलो बर्षातको कारण ठुलो पहिरो गई खेत सिचाई बन्द हुन गएकोले सो कुलोमा खसेको पहिरो मर्मतको लागी जे.सी.वि. प्रयोग गरि कुलो सूचारु गर्न लागेको ३५ घण्टा समय बराबरको जे.सी.वि.खर्च रु. ७९,१००/- विपद ब्यबस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय न. ३ आर्थिक सहयोग सम्बन्धमा ।**

क) यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदन मध्ये निम्न ब्यक्तिहरुलाई सहयोग उपलब्ध गराउने/अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल:

| सि.न | विरामी व्यक्तिको नाम /अभिभावकको नाम | ठेगाना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | थुप्रि राउत/बसन्त राउत | वडा न. १ | ५००० | विपन्न असाहय सहायता कार्यक्रम |
| २ | गायत्री देवी/रिखुराम डाला | वडा न. ४ | ५००० | विपन्न असाहय सहायता कार्यक्रम |
| ३ | पदम बहादुर राउत | वडा न. १ | १५००० | विपद ब्यबस्थापन कोष |
| ४ | लिला बराल | वडा न. ५ | १५००० | विपद ब्यबस्थापन कोष |

| | | | | |
|---|---|---|---|---|
| ५ | केशव थापा | वडा नं. ४ | २०००० | दिर्घरोग स्वास्थ्य सहायता |
| ६ | खुमबहादुर सोमै मगर/पार्वती सोमै मगर | वडा न. ४ | २०००० | दिर्घरोग स्वास्थ्य सहायता |
| ७ | तारा खड्का- २०४६ सालको जनआन्दोलनको घाईते | मुसिकोट न.पा.-४ रुकुम | ५००० | विविध शिर्षकबाट |

ख) अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन(क्रान्तिकारी)- पुस्कर शर्मा संयोजक रहेको विधार्थी संगठनले जिल्ला, प्रदेश र राष्ट्रिय सम्मेलनको लागी आर्थिक सहयोग माग भएकोले उक्त विद्यार्थि संगठनलाई चालु शिर्षकको अन्य संस्था अनुदान शिर्षकबाट रु.१०,०००/- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

ग) अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन(क्रान्तिकारी)- चिरन्जिवी ढकाल अध्यक्ष रहेको विधार्थी संगठनले जिल्ला, प्रदेश र राष्ट्रिय सम्मेलनको लागी आर्थिक सहयोग माग भएकोले उक्त विद्यार्थि संगठनलाई चालु शिर्षकको अन्य संस्था अनुदान शिर्षकबाट रु.१०,०००/- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न. ४ बार्षिक समिक्षा सम्बन्धमा**

यस सरुमारानी गाउँपालिकाको आ.ब. २०७७/०७८ मा सम्पन्न विकास गितविधिहरुको बार्षिक समिक्षा कार्यक्रम अन्तर्गत वडा कार्यालयहरुले २०७८ असोज महिनाको २५ गते भित्र सम्पन्न गरी गाउँपालिका स्तरिय बार्षिक समिक्षा दशै पछि गर्ने निर्णय गरियो ।

**निर्णय न. ५ कार्यविधिहरु स्वीकृत सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाबाट तयार पारिएका तपशिलका कार्यविधिहरुलाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

तपशिल

क) मेलमिलाप केन्द्र संचालन कार्यविधि २०७८

ख) स्थानीय वडा सभा र साझेदारी मन्चको गठन, तथा संचालन कार्यविधि २०७८

साथै सबै वडाहरुमा स्थानी वडा सभा गठन गरि संचालन गर्ने र सो को कार्यान्वयनको लागी हरप्लेस नेपाललाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न. ६ वेरुजु रकम फिर्ता सम्बन्धमा ।**

आ.ब. २०७५/०७६ को लेखा परिक्षण प्रतिवेदनमा शसर्त अनुदान तर्फको वातावरण र सरसफाई कार्यक्रम शिर्षकको खर्च नभएको बजेट रु. ५५०००/- फ्रिज गरि फिर्ता गर्नु पर्नेमा सो बजेट फिर्ता

नगरेको भनि बेरुजु कायम गरेकोले सो रकम चालु आ.ब. मा अल्या. रकमबाट रु ५५०००/- विनियोजन गरि बेरुजु पे.फ. गर्ने निर्णय गरियो ।

**निर्णय न. ७. सुरक्षित नागरिक आवास कार्यक्रम सम्बधमा ।**

सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत गत आ.ब. २०७७/०७८ मा यस गाउँपालिकाको लागी रु. १,००,००,०००/- विनियोजन भई छनौट भएका २०० घरधुरी संग संझौता भएकोमा गत बर्ष रु. २५,५२,०००/-निकासा भएकोले ८५ जनालाई प्रति ब्यक्ति रु.३०,०००/- का दरले पेश्की दिईएको तथा पेश्की लिएका र नलिएका लाभग्राहीहरुले संझौता बमोजिम कार्यसम्पन्न गरेतापनि रकम निकासा नभएका कारण गत आ.ब. मा उक्त रकम भुक्तानी हुन नसकेको हुनाले आ.ब. ०७८/०७९ मा यस गाउँपालिकाको शसर्त अनुदान मार्फत सोही कार्यक्रम शिर्षकमा बजेट ब्यबस्था भएकोले गत आ.ब.मा कार्यसम्पन्न गरेका घरधुरीहरुलाई यस बर्ष प्राप्त हुने बजेटबाट पेश्की फछ्यौट गरी वाकी रकमलाई गत बर्ष नै छनौट भएका घरधुरी मध्ये जस्तापाता लगाउने कार्य गत बर्ष सम्पन्न गरेका घरधुरीहरु/लाभग्राहीहरु लाई भुक्तानी दिने साथै गत बर्षको बाकी रकम यस बर्ष प्राप्त हुन आएमा उक्त रकम समेत शोधभर्ना गरी नयाँ लाभग्राही छनौट गरी आवश्यक कार्य अगाडी बढाउने निर्णय गरियो

**निर्णय न. ८ ढुंगा गिट्टि वालुवाको अनुमति माग सम्बन्धमा**

चालु आ.ब. २०७८/०७९ मा संचालन हुने विकास निर्माणका कार्यहरुलाई आवश्यक पर्ने निर्माण सामाग्रीहरु (ढुंङ्गा, गिट्टी वालुवा) को ब्यबस्थापन कार्य तल्काल अगाडी बढाउन यस सरुमारानी गाउँपालिकाको रासी नदिको बगरक्षेत्रबाट ढुंङ्गा, गिट्टी वालुवाको उत्खनन, निकासी र ब्यबस्थापनको कार्यको लागी चुरेक्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नु पर्ने कार्यविधि र मापदण्ड २०७६ बमोजिम उक्त कार्यविधिको दोश्रो अवस्था (नदि प्रणालीबाट ब्यबसायिक उत्खनन र संकलन अवस्था) अनुसार IEE स्वीकृत भए पछि आएको परिवर्तनको सम्बन्धमा यस कार्यालयबाट गठन भएको प्राविधिक टोलिबाट प्राप्त प्रतिवेदन अनुसार ढुंङ्गा, गिट्टी बालुवाको उत्खनन, निकासी र ब्यबस्थापनको कार्यको लागी नियमानुसार प्रकृया अगाडी बढाउन राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिलाई अनुमतिको लागी जिल्ला अनुगमन समितिलाई सिफारिसको लागी अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय न. ९ विविध

- **बरेवारिसे लास ब्यबस्थापनको गाडीभांडा भुक्तानी सम्बन्धमा ।**

मिति २०७८/५/७ गते सरुमारानी गाउँपालिकाको बडा न. ६ को ढाडखोला दोभान स्थित माडीखोलामा रहेको वेवारिसि लासको पोष्टमार्टमको लागी उक्त स्थानबाट विजुवार सम्म लास लगेको गाडीको गाडी भाडा बापतको रकम रु. ५,०००/- गाडी मालिक श्री खिम बहादुर नेवार सरुमारानी-४ र सो लास सदगत र अन्य ब्यबस्थापनको लागी लागेको खर्च रकम रु. ९०००/- वडा न. ६ का वडा अध्यक्ष श्री तुल बहादुर रोका मगरलाई विपद ब्यबस्थापन कोष शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

- **उपभोक्ता समिति तालिम सम्बन्धमा ।**

अधिकांश योजनाहरुको उपभोक्ता समिति गठन कार्य सम्पन्न भएकोले वडाहरुको समन्वयमा उपभोक्ता समितिहरुलाई तालिम संचालन गर्ने निर्णय गरियो ।

- **फोहर मैला संकलन सामाग्री खरिद सम्बन्धमा ।**

सरुमारानी गाउँपालिकाको लागी आवश्यक परेका टीनवाला २० जोडी फोहर संकलन गर्ने सामाग्रि कार्यालयले खरिद गर्ने निर्णय गरियो ।

- **विज्ञापन कर सम्बन्धमा ।**

यस गाउँपालिकाबाट विज्ञापन कर संकलन सम्बन्धमा यस कार्यालयबाट प्रकासित सूचना अनुसार कुनै फर्मको निवेदन नआएको र विज्ञापन एजेन्सीहरुबाट सरुमारानी गाउँपालिकाको स्वीकृत आर्थिक ऐन २०७८ अनुसार विज्ञापनकरका दरहरु न्यून भई गाउँपालिकाले आय अनुमान गरेको विज्ञापन कर रकम संकलन गर्न नसकिने अवस्था देखिएकोले आगामी गाउँसभाबाट आर्थिक ऐन २०७८ लाई संशोधन गर्ने गरी तपशिल बमोजिमका करका दरहरु कायम गरी आ.ब. २०७८/०७९ मा रु. २५,०००/- र सो पछिका आ.ब.हरुमा प्रतिबर्ष १० प्रतिशतले बृद्धि गरी ३ बर्षेको विज्ञापन कर संकलन प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

<u>तपशिल</u>

क) होर्डिङ वोर्ड, फ्लेक्स बोर्ड प्रति वर्ग फिट रु. १७०/-

ख) लाईट होर्डिङ बोर्ड, ग्लोवोर्ड ACP, 2D, 3D प्रति वर्ग फिट रु. ४५०/- बार्षिक

ग) ब्यवसायीक सटर पेन्टिङ्ग/ भित्तेलेखनमा प्रति वर्ग फिट रु. २५/- बार्षिक

घ) सार्वजनिक र निजी स्थानमा तुल/पोल व्यानर प्रति हप्ता रु. २००/-

ङ) बेलुन फेल्नजर, डमी छाता, स्टल प्रतिगोटा प्रति हप्ता रु. ५००/-

- **विघुत विल र बिधुत मिटर र सडक बत्ति सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका वडा न. २ मा रहेको आधारभुत स्वास्थ्य सेवा केन्द्र भवनको विधुत शुल्क, ददेरीमा सडक बत्तिको लागी आवश्यक पर्ने विधुत मिटर बक्सको व्यबस्था गरी सो वापतको शुल्क भुक्तानी दिने निर्णय गरियो ।

- **पाईप खरिद सम्बन्धमा ।**

यस गाउँपालिकाको चालु आ.ब. २०७८/०७९ को बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत पाईप खरिद शिर्षकमा बिनियोजन भएको रकमबाट पाईप खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

- **वडा न. २ को नागरिक एप्सको सफ्टवयर सम्बन्धमा ।**

यस गाउँपालिकाको चालु आ.ब. २०७८/०७९ को बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत वडा न. २ को नागरिक एप्सको शिर्षकमा बिनियोजन भएको रकमबाट नागरिक एप्सको सफ्टवयर खरिद र संचालन गर्नको लागी रु. १०००००/- रकम नपुग हुने भएकोले नपुग रकम आ.ब. २०७७/०७८ को अल्या. रकमबाट विनियोजन गर्ने निर्णय गरियो ।

- **पकेट विकास कार्यक्रम सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिका बङ्गाडा प्यूठानको आ.ब. २०७७/०७८ मा प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना अन्तर्गत राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बालि बस्तुको साना व्यबसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम अन्तर्गत छनौट भएका क्रमशः दर्भान खोला धान पकेट सरुमारानी-२ र राना मौरी पालन फर्म सरुमारानी-३ मा आ.ब. २०७८/०७९ को कार्यक्रम निरन्तरताको लागी रु. १२ लाख शसर्त अनुदानमा बजेट स्वीकृत भएकोले हुदाँ दर्भान खोला धान पकेटलाई प्रस्ताव माग गरि पुनः कार्यक्रम संचालन गर्ने र राना मौरीपालन फर्म सरुमारानी-२ लाई समेत समावेश गरी मौरीपालन समूह गठन गरी समूह मार्फत मौरीपालन पकेट कार्यक्रममा संचालन गर्ने निर्णय गरियो ।

- **बिदा स्वीकृत सम्बन्धमा**

यस सरुमारानी गाउँपालिका, हंशपुर स्वास्थ्य चौकीमा कार्यरत अ.न.मी श्रि अप्सरा थापा को प्रसुति हुने बेलादेखी बच्चाको स्वास्थ्यमा आएको समस्याका कारण लामो समय सम्म उपचार नेपालमा संभावना नभएकोले बच्चालाई भारत स्थित बृजलाला अस्पतालमा अप्रेशन लगाएतका उपचारहरु गर्नु पर्ने भएकोले निजले आफ्नो संचित विदाबाट कट्टा हुने गरी घरविदा/विरामी बिदा स्वीकृतको लागी २०७८ जेष्ठ, असार महिना र आ.ब. २०७८/०७९ को श्रावण १ गते देखि २०७८/६/१९ गते सम्मको जम्मा ८२ दिन विदा ( घरविदा-७०.५ दिन र विरामी विदा- ११५ दिन) लाई स्वीकृत/अनुमोदन गर्ने निर्णय गरियो ।

- **झोलङ्गे पुल माग सम्बन्धमा ।**

सरुमारानी गाउँपालिकामा विभिन्न स्थानमा झोलङ्गेपुल निर्माणको आवश्यकता भएकोमा विगत आ.ब. हरुमा गाउँपालिकाबाट झो.पु. माग गरिएको सूचीमा रहेका मध्येबाट यस गाउँपालिकाको प्राथमिकतामा रहेका सरुमारानी गाउँपालिका वडा न. २ मा स्थित वर्नीविर अडरवारी झो.पु. र बुढि गहरा विरेवगर झो.पु. निर्माणको लागी क्षेत्रगत झोलंङ्गेपुल निर्माण कार्यक्रमबाट चालु आ.ब. मा नै निर्माण सम्पन्न गर्ने गरी योजना स्वीकृतको लागी संघिय सरकार र प्रदेश सरकार संग माग गर्ने निर्णय गरियो ।

- **शिक्षक त.भ. सम्बन्धमा ।**

यस सरुमरानी गाउँपालिका वडा न. ५ स्थित अमरज्योति प्राथमिक विधालय राङ्गबाङ्गमा निजिश्रोतमा कार्यरत शिक्षकको लागी गाउँसभाबाट ब़जेट ब्यबस्था भएकोले सो पदमा कार्यरत प्रा.वि. शिक्षक श्री मुगामति वि.क. शिक्षकलाई यस गाउँपालिकाबाट मासिक रु. १५०००/- त.भ. र चाडपर्व खर्च उपलब्ध गराउने निर्णय गरियो ।

- **आधारभुत स्वास्थ्य सेवा केन्द्रका कर्मचारी सम्बन्धमा**

प्रस्तुत विषयमा यस सरुमारानी गाउँपालिका अन्तर्गत आधारभुत स्वास्थ्य सेवा केन्द्र बड्डाडामा कार्यरत तपशिलका कर्मचारीहरुले कोभिड-१९ महामारिका विरुद्धको खोप कार्यक्रम अन्तर्गत वडा न. ४ मा कोभिड विरुद्धको भ्याक्सिन खोप लगाउने सरकारको निति र कर्मचारीको आचारसंहिता विपरित कार्य गरेको, ~~खोप नलगाएको~~ फर्जिनाम राखी खोपको दुरुपयोग गरेको, सेवा ग्राही प्रति पेशागत आचारण बमोजिम प्रस्तुत नभएको लगाएतका विषयमा मिति २०७८/४/३१ गते स्पष्टिकरण सोधिएकोमा निजहरुले उक्त ~~बमोजिम उक्त~~ गलत कार्य गरेकोमा लिखित रुपमा स्वीकार गरेको साथै निजहरुको विषयमा

चिन्तामणी रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

गाउँपालिका अध्यक्ष

अनुसासन, कार्यशैली, पेशागत नैतिकता, कर्मचारी आचारसंहिता विपरित कार्य गरेको, साथै कोभिड-१९ माहारीका विरुद्धमा प्रदर्शन गरेको अनुचित कार्यशैली प्रति ब्यापक जनगुनासो पटक पटक आउन लागेकोले यस गाउँपालिका र उहाँहरु वीच मिति २०७८/४/३ मा गरिएकोको सेवा करार संझौता २०७८ कार्तिक १६ गते देखी रद्द गर्ने सोको जानकारी गराई निजहरुलाई सेवाबाट अवकास दिने निर्णय गरियो । साथै उहाहरुलाई सेवाबाट अवकास गरे पछि हुन जाने रिक्त पदमा सरुमारानी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ बमोजिम नियमानुसार कर्मचारी पदपुर्ती गर्ने समेत सर्वसम्मतिबाट निर्णय गरियो ।

तपसिल

१. टंका अर्याल -अ.हे.ब. सहायक स्तर चौथो

२. प्रेमा कुमारी चौधरी -अ.न.मी सहायक स्तर चौथो

३. मालती पाण्डे- अ.न.मी. सहायक स्तर चौथो

उपरोक्त निर्णयहरु सर्वसम्मतिमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो ।

प्रमाणिकरण मिति २०७८/६/१२

चिन्तामणी रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

भ.ग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष